# आर्थिक बर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट

**"स्वास्थ्य, शिक्षा, उत्पादन र आपुर्ती**
**रोजगारी, जिविका, पुर्वाधार र समृद्धि"**

**गाउँ सभाका सम्मानित सदस्य ज्युहरु, समस्त कर्मचारी मित्रहरु, पत्रकार, सुरक्षाकर्मी लगाय सम्पुर्ण उपस्थित मान्यजनहरु ।**

शुभकालिका गाँउपालिकाको आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम, यस गरिमामय गाँउ सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो अमुल्य जिवन वलिदानी गर्ने महान शहीदहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । गाँउवासीले दिएको अगाध माया र ममतावाट प्रेरित भई मैले शुभकालिका गाँउपालिकालाई सांस्कृतिक-जीवन्त गाँउपालिकाको रुपमा अगाडि बढाई देशमा यस गाँउपालिकाको गौरवलाई उच्च राख्न केही महत्वपूर्ण नीति तथा कार्यक्रम गाँउसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु । शुभकालिका गाँउपालिकाको आगामी आ.व.२०८१/२०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरुलाई समेतलाई मध्यनजर गर्दै गाँउवासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी निति तथा कार्यक्रम तयार पारिएको छ ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले शुभकालिका गाँउपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याई जिवन निर्वाहमा सहजता ल्याउन स्थानीय स्तरमा रहेका ज्ञान, सीप र क्षमतालाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ । राष्ट्रको सांस्कृतिक धरोहर मानिने कला, साहित्य, सम्पदा र संस्कृतिलाई सम्वर्द्धन एवं प्रवर्द्धन गर्ने नीति मार्फत गाँउपालिकाका निति तथा कार्यक्रमहरु निर्देशित हुनेछन् । स्थानिय स्तरमा गाँउपालिकाका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु वनाउँदा बातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । गाँउ निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगामी र आर्थिक बृद्धिका सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ । साथै गाउँपालिकाको पुर्वाधार विकासमा जोड दिईनेछ ।

नेपालको संबिधान २०७२ जारी भई मिति २०७९ वैशाख ३० गते सम्पन्न भएको दोस्रो स्थानीय तहको निर्वाचनवाट निर्वाचित गाँउ सभाले संबैधानिक ब्यवस्था अनुसार हाल सम्म दशौं गाँउसभा सम्पन्न गरि आज हामी एघारौं गाँउसभाको अवस्था सम्म आई पुगेका छौं । सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई आफ्नो अमूल्य समय प्रदान गरि गाँउसभाको गरिमा बढाई दिनु भएकोमा हार्दिक कृतज्ञता सहित धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

शुभकालिका गाँउपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय एघारौ गाँउ सभा समक्ष प्रस्तुत गरि रहँदा यस गाँउपालिकामा कृयाशिल सबै राजनितिक दल सरकारी गैरसरकारी संघ संस्थाहरु र सबै गाँउवासीको संयुक्त पहल कदमीले यस गाँउपालिकाको समग्र बिकासमा सहयोग पुगेको छ भन्ने विश्वास लिएको छु ।

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयन भईरहेको अवस्थामा निर्वाचित जनप्रतिनिधिहरु मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा शुभकालिका गाँउपालिकालाई संघियताको मर्म अनुसारका विकास प्रकृयालाई व्यवस्थित रूपमा संचालन गर्न नेपालको संविधान, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका कार्य आदेशहरू, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकारको विकास सम्बन्धी कार्य लक्ष्य र मान्यताहरू, नेपाल सरकारको नीति तथा कार्यक्रम, शुभकालिका गाँउपालिकाको आ.ब. २०८०/०८१ नीति तथा कार्यकम, दिगो विकासका लक्ष्यहरु, विभिन्न राजनितिक दल, बुद्धिजिबि, कर्मचारी, गैरसरकारी संस्था तथा अन्य व्यक्तिहरुबाट आएका सुझावहरुलाई आत्मसाथ गरि आ.ब २०८१।०८२ को नीति तथा कार्यकम तयार गरिएको छ ।

मानव अधिकार, लोकतन्त्र, गणतन्त्र, प्रेश स्वतन्त्रता लगायत लोकतन्त्रका आधार स्तभहरु स्थापनार्थ नेपालको राजनितिक, आर्थिक, सामाजिक तथा विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

स्थानीय तहले नागरिकहरुलाई प्रवाह गर्ने सेवालाई प्रभावकारी गर्न यस कार्यमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, व्यवस्थापन कार्यमा संलग्न सबै राजनितिक दलहरु, निजी क्षेत्र, विकास साझेदार संघ संस्थाहरु, संचार क्षेत्र, जनप्रतिनिधि ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु लगायत सम्पुर्ण गाँउवासीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**सभा सदस्य ज्युहरु,**

कालिकोट जिल्लाको सदरमुकाम मान्म वाट ८ कोष दक्षिणमा शुभकालीका गाउँपालिका अवस्थित रहेको छ । साविकका तीन वटा गाविसहरु सुकाटीया, भर्ता र कालीकाको संयोजन गरी शभुकालीका गाउँपालिकाको नामाकरण गरिएको हो । यस गाउँपालीकाको पुर्वमा महावै गाउँपालीका, पश्चिम र दक्षिणमा दैलेख जिल्ला र उत्तरमा तिला नदी र खाँडाचक्र नगरपालीका पर्दछन । यो गाउँपालीका ९७.३२ वर्ग कि.मी (९७३२ हेक्टर) क्षेत्रफलमा फैलिएको छ जसमा ६२५६.७७ हेक्टर बन क्षेत्र, २९४४.६६ हेक्टर कृषियोग्य जमिन, २११४ हेक्टर सिंचित, ८३०.६६ हेक्टर असिंचित र ८३०.६६ हेक्टर जमिन पाखो क्षेत्रले ओगटेको पाइन्छ । गाउँपालीकाको वडा नं. १ मा छाती, वडा नं. २ मा भर्ता, राजवाडा, सेरा, वडा नं. ३ मा भर्ता, वडा नं. ४ मा ठाना, राराकाटीया, चौलागाईवाडा र सुन्दरवाडा, वडा नं. ५ मा बत्तीस, उदागाउँ र अधिकारीवाडा, वडा नं. ६ मा हाउडी, वडा नं.७ मा कालीका र वडा नं. ८ मा कालीका वस्ती अवस्थित छन् । खेती योग्य जमिन, सिंचाई सुविधा र वनजंगल भएका कारण यो गाउँपालिका तुलनात्मक रुपमा मध्यम खालको मानिन्छ । यस गाउँपालिका स्थित दहीखोला, भर्तागाड, धाँचुखोला, कालेखोला, परसामखोला, वालीगाड र घटेगाड खोलाले यस गाउँपालिकाका धैरजसो भूभागमा सिंचाईका लागि महत्वपूर्ण भूमिका खेलेका छन् भने



CamScanner

गाउँपालीकाको उत्तरी सीमाना भएर बग्ने तिला नदीले पनि महत्वपूर्ण संभावना र वन संरक्षण गर्नमा भूमिका निर्वाह गरेको छ ।

यस गाँउपालिकमा जम्मा घरधुरी २,७६२ रहेका छन भने गाउँपालीकाको कुल जनसंख्या १३,७७३ रहेको छ जसमा महिला ७,१३९ (५१.८३ प्रतिशत) र पुरुष ६,६३४ (४८.१७ प्रतिशत) छन् । परिवारको आकार ४.९९ छ भने जनसंख्या वृद्धिदर -०.२१ रहेको छ । यस गाँउपालिकाको जनघनत्व १४२ रहेको छ । गाँउपालिकाको साक्षरता दर ७४.४ प्रतिशत रहेको छ भने जसमा पुरुषको साक्षरता दर ८२.२३ र महिला साक्षरता दर ६७.२८ प्रतिशत रहेको छ । जातिगत रुपमा विश्लेषण गर्दा यस गाउँपालीकामा बाहुन क्षेत्रीहरुको बाहुल्यता बढी रहेको छ । यस गाउँपालीकामा बसोवास गर्ने मुख्य जातहरुमा आचार्य, अधिकारी, जैशी, बुढा, हमाल, विश्वकर्मा, परियार, दर्जी, लुवार, कुमाल, योगी, घर्ती, रोकाया, टमटा, वोहोरा, तिमिल्सेना, शाही, विष्ट, रोकामगर, बुढामगर, रामजाली, कार्की, खत्री, सेजुवाल, महतारा, भटराई र चौलागाई आदि रहेका छन् । गाउँपालीकाको अधिक जनसंख्याले हिन्दु धर्म मान्दछन् भने केही संख्याका मानिसहरुले ईसाई धर्म मान्ने गर्दछन् । यस गाउँपालीकाका वासिन्दाहरु फरक फरक कुल देवता पुज्ने गर्दछन् जसमा चुली, मालीका, चौथा मन्दिर, कालिका, महादेव, मष्टा, महावै, जगनाथ, खापर, दुधेशिल्लो, कालाशिल्ला, दाहालदेव, धलपुरा आदि पर्दछन् । मूख्य चाड पर्वहरुमा दशैं, तिहार, जनै पुर्णिमा, बैशाख पूर्णिमा, नयाँ वर्ष, माघे संक्रान्ती, अषाढे संक्रान्ती, तागा, र विभिन्न कुल देवताका पैठ (मेला) हरु आदि रहेका छन ।

गाउँपालीकाको ८० प्रतिशत भन्दा वढि जनसंख्या प्रत्यक्ष रुपमा कृषिमा आधारित छन् भने झण्डै २० प्रतिशत नोकरी र अन्य पेशामा संलग्न छन ।

**सभा सदस्य ज्युहरु,**

दशौं गाँउ सभाबाट विभिन्न ५ वटा विषयगत क्षेत्र आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी ५ वटा क्षेत्रमा नीतिहरु पारित गरेका थियौं उक्त नीतिहरु कुनै बार्षिक रुपले पुरा गरिने र कुनै नीति आवधिक हिसावले कार्यान्वयन गर्ने अवस्थामा हामी छौ, नीतिहरु हाम्रा मार्गदर्शन हुन र यस एघारौ गाँउ सभाले केही नीतिहरुमा गत बर्षकै निरन्तरता र केही नीति तथा कार्यक्रम नँया समेत ल्याउने प्रयास गरेको छु । सबै नीतिलाई कार्यक्रम र बजेट संग मेल खाने किसीमले लैजानका लागि समेत म यस गौरवमय सभाका सदस्यहरुलाई आग्रह गर्न चाहन्छु ।

हामीले सहभागीतात्मक गाँउ विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती, टोल र वडास्तर बाट प्राथमिकता हुदै आएका योजनाहरुलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी आ.ब. २०८१/०८२ को नीति, कार्यक्रम र गाँउ विकास योजना तर्जुमा गरिएको प्रस्तुत बजटे नीति तथा कार्यक्रमले यस गाँउपालिकाको विकास, उन्नति र प्रगतिका लागि आधार तयार गर्ने छ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

१.२. चालु आ.ब.२०८०/०८१ को नीति तथा कार्यक्रमको समीक्षा : मिति २०८० अषाढ १० गतेका दिन आयोजित यस गाँउपालिकाको दशौं गाँउसभाले चालु आ.ब. २०८०/०८१ को

अनुमानित आय व्यय विवरण, योजना तथा कार्यक्रमहरु सहित गाँउ विकासका नीतिहरु पारित गरेको थियौ । दशौं गाँउसभा पछिको एक बर्षको समयमा हामीले के कति उपलब्धी हासील गर्न सक्यौं समीक्षाको चरणमा हामी रहेका छौं ।

यस गाँउपालिकामा रहेका ८ वटा वडाहरुका १३७७३ नागरिकहरुलाई विकास र सुशासन दिनु र विकासमा नागरिकको सहभागिता वृद्धि गर्नु हाम्रो जिम्मेवारी हो ।

आर्थिक वर्ष २०८०/०८१ मा शुभकालिका गाँउपालिकाले निम्नानुसारको रकम विनियोजन गरी हाल सम्म तपशिल वमोजिमको रकम खर्च समेत गरेको छ ।

| विवरण | विनियोजित वजेट | खर्च वजेट | कैफियत |
|---|---|---|---|
| गाँउपालिकाको आय-व्यय | ४१,००,५०,००० | २६,६५,३२,५००। | |

विगत १ वर्षको विनियोजन कुल जम्मा रु. ४१,००,५०,०००। **(अक्षरुपी एकचालीस करोड पचास हजार मात्र )** विनियोजन गरीएको चालु आ.व.को विनियोजन रकम हाल सम्म **६५ प्रतिशत** खर्च गरि सकिएको छ । उक्त खर्च विनियोजन रकमले पक्कै पनि गाँउवासीको सुविधाको लागि यातायात शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पुर्वाधार एवं सामाजिक विकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, वालवालिका लगायत सवै गाँउवासीकोलागि सेवा सुविधामा वृद्धि भएको नै होला भन्ने हामीले विश्वास गरेका छौं । चालु आ.ब. २०८०/०८१ लाई विकास निर्माणका लागि हामीले सडक, शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पुर्वाधार एवं सामाजिक विकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, वालवालिका लगायत सवै गाँउवासीको लागि सेवा सुविधा दिने प्रयास गरेका थियौ । हामी कति सफल छौं भन्ने जनताले मूल्यांकन गर्नेनै छन । क्षेत्रगत आधारमा गरिएको आ.ब.२०८०/०८१ को समीक्षालाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

**(क) आर्थिक बिकास क्षेत्र :** ४५ हक्टेर क्षेत्रफमा सीँचाई सुविधा यस आर्थिक बर्षमा पुगेको छ । उक्त कार्यका लागि विगतमा संचालनमा रहेका सहित थप २ वटा ४.६ किलोमिटर पक्की कुलो र २ वटा पोखरीहरु निर्माण सम्पन्न गरि संचालनमा आएका छन । ३० हेक्टर क्षेत्रफलमा आलु, ओखर र तरकारी पकेट क्षेत्रको रुपमा विस्तार गरिएको छ । कृषि प्रशार खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रम अन्तर्गत १३०० जना कृषकहरुलाई व्यवशायिक तरकारी खेतिका लागि उन्नत जातका तरकारीको विउ वितरण गरिएको छ । कृषकहरुलाई व्यवशायिक तरकारी खेति तथा नगदेवाली तथा अन्न उत्पादनका लागि निरन्तर परामर्श, प्राविधीक ज्ञान सिप तथा प्रविधिको वारेमा तालिम, छलफल तथा सल्लाह सुझाव प्रदान गर्ने कार्य गरिएको छ । कृषि विकास कार्यालयको सहयोग तथा सहकार्यमा २ हजार वटा स्याउको विरुवा वितरण गर्ने कार्य सम्पन्न गरिएको छ । गाउँपालिकाका ८ वटै वडामा घरधुरी सर्वेक्षण मार्फत १३५३ जना कृषकहरुको आधारभुत सर्वेक्षण गर्ने कार्य गरिएको छ । गाउँपालिकाका सवै वडामा रहेको २१,०५४ वटा पशुहरुको विवरण संकलन गरि गाउँपालिकामा रहेका पशुवस्तुहरुको संख्या एकिन गर्ने कार्य गरिएको छ । ५५०० भेडा/वाखालाई पिपिआर खोप, २००० गाई/भैसीलाई एफ.एम.डी. खोप र ४००० कुखुरारहरुलाई रानिखेत खोप लगाइएको छ । यसै गरी ३२५ वटाको माईनर सर्जिकल, ५५० जनालाई व्यवशायिक



CamScanner

परामर्श सेवा प्रदान तथा सवै वडाका २०,४०३ वटा पशुको उपचार गर्ने कार्य समेत सम्पन्न गरिएको छ । गाउँपालिकामा रहेका ४३९१ जना वेरोजगारहरु मध्य प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम, गाउँपालिका र स्थानिय पुर्वाधार सहयोग कार्यक्रमको साझेदारीमा १७६९ जना वेरोजगार व्यक्तिहरुलाई कामका लागी पारिश्रमिकमा आधारित आयोजनाहरुमा रोजगारी प्रदान गर्ने कार्य गरिएको छ भने आ.व. २०८१/०८२ का लागि ४१२५ जना वेरोजगार व्यक्तिहरुको विवरण संकलन तथा रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत गर्ने कार्य सम्पन्न गरिएको छ । राष्ट्रिय योजना आयोगको विशेष अनुदानमा गाउँपालिकाको वडा नं. ५ र ८ मा ८० जना लघु उद्यमीहरुलाई स्तरोन्नती तालिम मार्फत व्यवशायिक ढाँका उत्पादनका लागि सिप विकास तालिम तथा प्रविधी हस्तान्तरण गर्ने काम संचालनमा रहेको छ । स्थानिय स्तरमा रहेको वेरोजगार समस्याको दिर्घकालिन समाधान तथा दिगो रोजगारी सृजनाका लागि गाउँपालिकाको ५ वर्षे रोजगार रणनिती योजना तयार तथा अद्यावधिक गर्ने कार्य गरिएको छ ।

**(ख) सामाजिक विकास क्षेत्र :** विद्यार्थी भर्ना दर शतप्रतिशत रहेको छ । शुभकालिका गाउँपालिकामा हाल ४४ वटा वाल विकास केन्द्र २६ वटा सामुदायिक विद्यालयहरुमा जम्मा ५३७६ जना छात्रछात्राहरु अद्ययन गरिरहेका छन । छाया नेपाल र गाउँपालिकाको साझेदारीमा महादेव आ.वि., जनता मा.वि. र पञ्चकालिका म.वि. गरी ३ वटा विद्यालयहरुमा १६ कोठे भवनहरु निर्माण गर्ने कार्य भएको छ । विद्यालयका शिक्षकहरुको क्षमता विकास अन्तरगत ४० जना शिक्षहरुको क्षमता अभिवृद्धी गरिएको छ । यसै आ.व.मा शुभकालिका गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्ने प्रक्रिया अन्तिम चरणमा पुगि यसै एघारौ गाउँसभा वाट घोषणा गरिने छ । संघिय अनुदान, राहत, शुन्य दरवन्दि र पालिका अनुदान अन्तर्गत १७० दरवन्दी हाल गाउँपालिकाका सवै विद्यालयमा रही सोही अनुसार शिक्षक दरवन्दी व्यवस्थापन गर्ने कार्य गरिएको छ । आ.व.को तेश्रो त्रैमासिक सम्म शिक्षा क्षेत्रमा कुल विनियोजित वजेटको ६५.५३ प्रतिशत वजेट खर्च भएको छ । जनता संग उपाध्यक्ष कार्यक्रम मार्फत गाउँपालिकाका स्थानिय निर्वाचित महिला जनप्रतिनिधी, राजनितीक दलका महिला प्रतिनिधी र महिला संजालका पदाधिकारीहरुलाई महिला शसक्तिकरण सम्वन्धी ५५ जना महिलाहरुलाई २ दिने अभिमुखीकरण तालिम संचालन गरिएको छ । मातृ मृत्युदर शुन्यमा झरेको छ, शत प्रतिशत वालवालिकाले पुर्ण खोप प्राप्त गरेका छन । सवै वडाहरुमा पुर्ण खोप लगाउने वालवालिकाहरु (०-२६ महिना सम्मका) खोप लगाई पुर्ण खोप दिगोपना सुनिश्चितता भएको प्रमाणिकरण गरिएको छ । १५५ जना आामाहरुलाई सुरक्षित प्रसुती सेवा प्रदान गर्ने कार्य गरिएको छ । कोभिड १९ विरुद्धको खोप (वुष्टर डोज), सईमाईड विरुद्धको खोप (१५ वर्ष माथिका सवै), दादुरा रुवेला खोप (५ वर्ष मुनिका) तथा आईपिभी खोप अभियान संचालन गरिएको छ । सवै वडाहरुमा घुम्ति शिविर मार्फत २७२ जनालाई ग्रामिण भिडियो एक्सरे सेवा प्रदान गरिएको छ । आकस्मिक सेवाका लागि २७ वटा स्टेचर खरिद गरी स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरिएको छ । ८ वटा आयोजना मार्फत ९७८ घरधुरीमा एक घर एक धारको सुविधा पुगेको छ भने स्वच्छ खानेपानी तथा वडा नं. ८ मा सुरक्षित शौचालय अन्तर्गत ४६ वटा शौचालय निर्माण गर्ने कार्य सम्पन्न भएको छ । राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको सहयोग तथा साझेदारीमा गाउँपालिकामा हुने सवै घटना दर्ता कार्यलाई अनलाईन प्रणालीमा सुचारु गरिएको छ । यस आ.व.मा अनलाई प्रणाली मार्फत ८७७ जन्मदर्ता, १९० जनाको मृत्यु दर्ता, १७२ जोडीको विवाह

दर्ता, ४ वटा परिवारको वसाई सरि गएको र ३ वटा परिवारको वसाई सरि गएको घटना दर्ता कार्य गरिएको छ । यस आ.व.मा ७२५ जना अन्य ज्येष्ठ नागरिक भत्ता, ४१ जनालाई ज्येष्ठ नागरिक एकल महिला भत्ता, ६७५ जनालाई ज्येष्ठ नागरिक भत्ता, १९२ जनालाई विधवा (आर्थिक सहायता) ३८ जनालाई पुर्ण अशक्त व्यक्ति भत्ता, ५० जनालाई अति अशक्त र २०६६ जनालाई क्षेत्र तोकिएको वालवालिका भत्ता वैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने कार्य सम्पन्न गरिएको छ ।

(ग) **पूर्वाधार बिकास क्षेत्र :** ६ किलोमिटर नँया सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ भने ६७ किलोमिटर सडकको मर्मत कार्य सम्पन्न गरिएको छ साथै यस गाँउपालिकाको सवै वडाहरु सडक संजालमा जोडिएका छन । वडा नं. २, ३, ४ र ५ मा राष्ट्रिय प्रशारण लाइन विस्तारको काम भएको छ भने अन्य वडामा पनि विस्तारको लागि पहल अगाडि बढेको छ । २ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरिएको छ । १० वटा पिसिसि बाटो, १ वटा पर्यटकिय मन्दिर, २ वटा सिचाई पोखरी निर्माण, ४६ वटा शौचालय ४ वटा खेलकुद फिल्ड निमार्ण भएका छन । सवै वडाहरुमा ८ वटा खानेपानी योजना, १ वटा विद्यालयको पर्खाल निर्माण तथा घेरवार योजना, ३ वटा सिचाई कुलो (१६०० मिटर) निर्माण, २ वटा फलफुल तथा तरकारी संकलन केन्द्र निर्माण, १ वटा लक्षित वर्गको भवन निर्माण, ३ वटा विद्यालयहरुको भवन निर्माण, प्रहरी चौकि भवन निर्माण, गाउँपालिकाको शौचालय निर्माण गर्ने कार्य सम्पन्न गरिएका छन । जनता आवाश कार्यक्रम मार्फत गाउँपाकिका ७ वटा घर निर्माण कार्य संचालनमा रहेको छ । यस आ.व.मा गाउँपालिकाको दैनिक कार्य संचालनलाई सहजता वनाउनका लागि पालिका भवनको तला थप्ने कार्य समेत संचालनमा रहेको छ ।

घ) **बातावरण तथा बिपद ब्यबस्थापन क्षेत्र :** जनता आवाश कार्यक्रम मार्फत ३२ वटा घरहरु पहिचान भई निर्माण कार्य संचालनमा रहेका छन । पहिरो बाट भत्केका २१ वटा घरहरु पुनरनिर्माण का लागि सिफारिश भई जिल्ला प्रशासन कार्यालयमा पठाईएको छ । पहिरो पिडित घरधुरीलाई तत्काल अत्यावश्यकीय सहयोग सामाग्री प्रदान गरिएको छ । ३० जना वालक्लव वाल संजालका पदाधीकारीहरुलाई वहु जोखीम नक्सांकन सम्वन्धमा १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ । ३० जना वालक्लव वाल संजालका पदाधीकारीहरुलाई विपद व्यवस्थापन योजना तर्जुमाका लागि १ दिने वाल भेला सम्पन्न गरिएको छ । स्थानिय जनप्रतिनिधीहरु र शाखा प्रमुख हरुलाई स्थानीय विपद उत्थानशील योजना निर्माण सम्वन्धमा १ दिने अभिमुखीकरण कार्यक्रम संचालन । स्थानिय स्तरको योजना तर्जुमा प्रक्रिया र वालावालीका केन्द्रीत योजना तथा वजेट व्यवस्थान सम्वन्धी पालिका स्तरीय १ दिने अभिमुखीकरण कार्यक्र संचालन । स्थानिय जनप्रतिनिधीहरु र शाखा प्रमुख हरुलाइ वालमैत्री स्थानीय शासन सम्वन्धी १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ । स्थानिय जनप्रतिनीधी र सरोकारवाला निकायहरुलाई वडा स्तरको विपद जोखिम नक्सांकन तथा क्षमता विष्लेशण सम्वन्धमा १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने कार्य सम्पन्न गरिएको छ ।

(ङ) **संस्थागत बिकास, सेवा प्रबाह र सुशासन क्षेत्र :** १५ वटा कार्यविधिहरु र १ वटा दिगदिर्शन तर्जुमा भई कार्यन्वयनमा आएका छन् । ५ वटा विषयगत समितिहरुको कार्यविवरण निर्माण गरि

कार्यान्वयन भई राखेको छ साथै हरेक शाखा प्रमुख तथा उक्त शाखा संग आवद्ध कर्मचारीहरुको कार्य विवरण तयार गरि कार्य सम्पादन सम्झौता तयार भई कार्यन्वयनमा ल्याइएको छ ।

**(छ) न्यायिक समिति :** पालिका स्तरिय तीन सदस्यीय न्यायिक समिति तथा प्रत्येक वडाहरुमा वडा स्तरिय मेलमिलाप केन्द्र गठन भई वडा तथा पालिमा स्तरमा आयका विवाद तथा झगडाहरुको मेलमिलाप गर्ने कार्य गरिएको छ । स्थानिय मेलमिलापकर्ताहरुका लागि ३६ जनालाई मेलमिलापका लागि कानुनी सचेतना तालिम प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ ।

**सभा सदस्य ज्युहरु**

गाँउपालिकालाई शुशासन युक्त र भ्रष्टाचार, अनियमितता र ढीलासुस्ती रहित सुविधा सम्पन्न बनाउन यस गाँउपालिकाका सम्पुर्ण जनप्रतिनिधी लगायत राजनैतिक दल, कर्मचारी, उपभोक्ता समिति, नागरीक समाज, पत्रकार, महिला, दलित, अपाङगता भएका व्यक्ती, जनजाती, बुद्धीजीवी, शिक्षक, समाजसेवी, कर्मचारी एवं पालिकाबासी सबैको कर्तव्य हो । बिगतका राम्रा नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा गाउपालिकाई शुसासनयुक्त र जवाफदेही वनाउन केही लक्षित कार्यकम, नीति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आवश्यकताका कारण गाउसभाले केही लक्षित कार्यकम तथा नीतिहरुलाई अगाडि सारेको छ ।

## आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

**सभा सदस्य ज्युहरु,**

म आगामी आर्थिक वर्ष २०८१/०८२ को वजेट तर्जुमा गर्दा अवलम्वन गरिएका आधारहरु प्रस्तुत गर्दछु:

- नेपालको संविधान २०७२ को अनुसुचि ८ र ९ मा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत एकल तथा साझा अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।
- स्थानीय शासन सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा नीति आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ।
- सँघिय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु ।
- राजस्व परामर्स समिति, श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट प्राप्त राय सुझावहरु ।
- नेपाल सरकार एवं प्रदेश सरकारवाट प्राप्त वजेट सिलिङ्ग र वजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।
- वडा ,वस्ती स्तररिय योजना संकलन तथा सुझावहरु ।
- विषयगत कार्यालय/ शाखा तथा निकायवाट प्राप्त राय सुझावहरु ।
- यस शुभकालिका गाँउपालिकाको प्रथम आवधिक योजनाले निर्धारण गरेको लक्ष्य नीति तथा प्राथमिकताहरु ।
- विगत वर्षहरुमा सम्पन्न भएका गाँउसभाका बैठकहरुबाट भएका निर्णयहरु ।
- विभिन्न राजनितिक दल लगायत बुद्धिजिवी, विज्ञ, नागरिक अगुवाहरु सँगको परामर्शवाट प्राप्त राय सुझावहरु ।



CamScanner

➢ दिगो विकासका लक्ष्यहरु

**क्षेत्रगत नीति एवं प्राथमिकताहरु**

**सभा सदस्य ज्युहरु,**

अब म आ.व. २०८१/०८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१. यस शुभकालिका गाउँपालिकामा हालसम्म २६ वटा विद्यालय र ४४ वटा वालविकास केन्द्रहरु रहेकोमा यो शैक्षिक सत्रमा विद्यार्थी संख्या र भौगोलिक क्षेत्रलाई आधार मानी विद्यालय तथा वालविकास केन्द्रहरु समायोजन गरी विद्यालय र वाविकेको स्तर वृद्धि गरिनेछ ।

२. शिक्षकको उचित र प्रभावकारी व्यवस्थापन गर्न र विषयगत दरवन्दीको समस्यालाई न्यूनिकरण गर्न छुट्टै कार्यविधि निर्माण गरी दरवन्दी मिलान गरिने छ । यसका लागि शिक्षकको माथिल्लो तहको योग्यतालाई समेत आधार मानी विद्यालयमा विषयगत दरवन्दीको समस्यालाई समाधान गरिनेछ ।

३. शिक्षा क्षेत्र तथा विद्यालयमा हुने गरेको कर्मचारी तथा शिक्षकको अनियमिततालाई अन्त्य गर्न पालिका मार्फत शिक्षा अधिकृत र प्राविधिक सहायक तथा शिक्षा समिति मार्फत प्रधानाध्यपकहरुको कार्य विस्तृतीकरण निर्धारण गरी सो अनुसार परिचालन गर्ने गराउने कार्य गरिनेछ ।

४. गाउँपालिकामा विषयगत शिक्षक समुह निर्माण गरी विषयगत शिक्षक भेला मार्फत सिकाई अनुभव आदान प्रदान गर्ने कार्यको थालनी गरिनेछ ।

५. यस आर्थिक वर्षमा बाँकी मध्ये १० वटा विद्यालयलाई ईन्टरनेटको पहुँचमा पुर्याईनेछ ।

६. वालवालिकाको शिक्षाको हकलाई सुनिश्चित गर्न योग्य शिक्षकबाट शिक्षण गराउनु पर्ने मान्यतालाई आत्मसाथ गर्दै जुनसुकै अनुदानबाट नियुक्त शिक्षकहरुलाई अध्यायपन अनुमति पत्र अनिवार्य गरिनेछ । यस अघि विशेष कारण अध्यायन अनुमति पत्र बिना नियुक्त गरिएका शिक्षकलाई पेशाबाट ससम्मान विदाई गरिनेछ ।

७. शिक्षकको पेशागत क्षमता विकासको लागि स्थानीय तहमा शिक्षक मेन्टरिङ् , विभिन्न विधाका कस्टमाईज तालिमहरु सञ्चालन गरिनेछ ।

८. अनौपचारिक शिक्षा तथा आजिवन सिकाईलाई व्यवस्थित गर्न सामुदायिक सिकाई केन्द्रका सहजकर्तालाई परिचालन गरिनेछ । यस कार्यक्रमलाई विस्तार गर्न प्रत्येक वडामा सामुदायिक सिकाई केन्द्रहरु थप गरिनेछ ।

९. विद्यार्थी संख्या तथा कक्षा सञ्चाललाई आधार मानी न्यून दरवन्दी भएका विद्यालयहरुमा पालिका अनुदानबाट दरबन्दी परिपुर्ति गरिनेछ ।

१०. शिक्षकको निरन्तर पेशागत विकासको लागि स्थानीय शैक्षिक तालिम केन्द्र स्थापना गरि कार्यान्वयन गरिनेछ ।

११. अनिवार्य तथा निशुल्क शिक्षालाई निरन्तरता दिदै विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई पहिचान गरि विद्यालयको पहुँचमा पुर्याईने कार्यलाई निरन्तरता गरिनेछ ।

१२. अपांगता भएका बालबालिकाको पहिचान गरि आवश्यकता अनुरुप शिक्षाको पहुँच सुनिश्चितता गरिनेछ ।

१३. एक पालिका एक प्राविधिक धारको विद्यालय भन्ने राष्ट्रिय नीतिलाई आत्मसाथ गर्दै श्री महदेव माध्यामिक विद्यालय शुभकालिका ४ राराकाटियालाई प्राविधिक धारको विद्यालयका लागि आवश्यक मापदण्ड तयार गरि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनुमतिको लागि पहल गरिनेछ ।

१४. कला साहित्य र संस्कृतिको उत्थान विकास विस्तारका साथै स्थानीय कला साहित्य र संस्कृति सम्बन्धी प्रशिक्षण गर्ने उद्देश्यले शुभकालिकाका ४ वटा विद्यालयमा संगित प्रयोगशाला (Music Lab ) सञ्चालन गरिनेछ ।

१५.विद्यालयमा किशोरीहरुको महिनावारीको समयलाई मध्यनजर गरि यस अघि वितरण गरिएका सेनिटरी भेन्डिङ मेसिनको प्रयोगलाई व्यवस्थित गर्दै बाँकि विद्यालयहरुमा भेन्डिङ् मेसिन व्यवस्थापन गरिनेछ ।

१६.शिक्षा युवा तथा खेलकुँद शाखाको कार्यसम्पादन तथा व्यवस्थापन निकै धेरै भएको शाखा कार्यालयका प्रशासनिक तथा तथ्यांक व्यवस्थापनमा मात्र सिमित हुनुपर्ने अवस्थालाई मध्यनजर गरि परिस्थिति अनुसार शिक्षक परिचालन तथा करार कर्मचारी व्यवस्थापन गरि शाखामा थप जनशक्तिको व्यवस्थापन गरिनेछ ।

१७.राष्ट्र पति रनिङ्शिल्ड सञ्चालन तथा व्यवस्थापन गर्न सहभागि विद्यालयमा हुने आर्थिक व्यायभारलाई मध्यनजर गरि प्रत्येक विद्यालयलाई रु ५०००० का दरले रनिङ् शिल्ड सञ्चालन अनुदान दिईनेछ ।

१८.बालविकास तथा विद्यालयमा अध्यायनरत बालबालिकाहरु तथा शिक्षकहरुको नियमित स्वास्थ्य परीक्षण गराउन स्वास्थ्य शाखा, स्वास्थ्य केन्द्र तथा वडा स्वास्थ्य ईकाईहरु मासिकरुपमा परिचालन गरिनेछ ।

१९.विद्यालयमा हुने विभिन्न हिंसा दुर्व्यवहार तथा कुलतहरुलाई निरुत्साहित गर्न प्रहरी चौकी मार्फत प्रहरी शिक्षा कार्यक्रम सञ्चलन गरिनेछ ।

२०.शुभकालिका गाउँपालिकको समग्र तथ्यांक वडाकार्यालयहरुसँग समन्वय गरी अध्यावधिक गरिनेछ ।

२१.शुभकालिका गाउँपालिकाको शिक्षा युवा तथा खेलकुँद शाखाले २०८० असारमा गरेको तथ्यांक संकलन प्रतिवेदन अनुसार शुभकालिका गाउँपालिकाको १५ देखि ५९ वर्षको साक्षरता ९५/०७ प्रतिशत रहेको र उक्त तथ्यांक साक्षर गाउँपालिका घोषणाको लागि आवश्यक मापदण्ड पुगेको हुँदा यसै सभा मार्फत शुभकालिका गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्दछु ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्र बोलिने खस भाषा, मगर भाषा तथा संस्कृतीको संरक्षण गर्ने नीति लिइनेछ ।

२.गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न सवै वडाहरुमा खेलकुद मैदान लगायतका खेल पुर्वाधार निर्माण तथा मर्मत सम्भार गरी प्रत्यक वडामा वर्षमा कम्तिमा एक पटक खेलकुद प्रयोगिता संचालन गरिने छ ।

CamScanner

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।

३.युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

४. गाँउपालिका स्तरमा एक वटा १०० मिटर ट्रयाक भएको फिल्ड निर्माणका लागि आवश्यक पहल तथा निर्माणधिन फिल्डको स्तरोन्नतीका लागि आवश्यक व्यवस्था गरिने छ ।

५. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी तथा युवाहरुलाई खेलमा सहभागीताका लागि आवश्यक पहल गरिनेछ ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।

२. महिला, बालबालिका, अल्पसंख्यक, अति गरिब, जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गर्ने निति अवलम्वन गरिनेछ ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा स्थापित गर्ने निति अवलम्वन गरिनेछ ।

४. हरेक टोलमा टोल विकास संस्था गठन गरि प्रभावकारी रुपमा विकास कार्यको कार्यन्वयनमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ ।

५. हिंसा पिडित महिला तथा बालवालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

६. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सवै प्रकारका हिसां विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

७. गाउँपालिकाको वजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।

९. गाउँपालिका तथा वडास्तरीय बाल क्लव संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१०. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ ।

११. गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८१।०८२ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ ।

१२. शत प्रतिशत जन्म दर्ता भएको गाँउपालिका घोषणा घटना दर्ता अभियान संचालन गरिनेछ ।

१३. बालवालकि विरुद्ध हुने हिंशा न्युनिकरणका लागि अभियान संचालन गरिने छ साथै बालहित कोषलाई निरन्तरता दिईनेछ ।

१४. महिला उद्यमशिलता विकास तालिम तथा उद्यम स्थापनाका लागि आवश्यक प्रविधी सहयोग गरी आत्मसम्मान सहितको उद्यम स्थापना गर्ने निती अवलम्वन गरिनेछ ।

**ङ. स्वास्थ्य तथा पोषण सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन

गर्ने तथा आधारभूत स्वास्थ्य केन्द्रको स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. सामुदायिक विद्यालयहरुमा विद्याथीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

३. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

४. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ ।

५. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ ।

६.महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ ।

७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

८. स्वास्थ्य क्लिनिकहरुलाई अनिवार्य रुपमा गाँउपालिकामा दर्ता गर्ने निति अवलम्वन गरिनेछ साथै उक्त क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको सुनिश्चीतताका लागि नियमित अनुगमन गरिने छ ।

९.स्वास्थ चौकीहरुमा ल्याव सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ ।

१०.जेष्ठ नागरिकका लागि एकिकृत स्वास्थ्य घुम्ती शिविर वर्षमा १ पटक संचालन गर्ने प्रवन्ध गरिनेछ ।

११. सुनौला हजार दिनका आमा लक्षित कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**च. खानेपानि तथा सरसफाई**

१.एक घर एक धाराको निति अवलम्वन गरि गाँउपालिका भित्रका हरेक घरमा स्वच्छ खानेपानीको पँहुच सुनिश्चीतताको निति अवलम्वन गरिने छ ।

२. पुर्ण सरसफाई युक्त गाँउ निर्माण अभियानलाई प्रभावकरी रुपमा कार्यान्वयन गर्न हरेक घरमा अनिवार्य शौचालय तथा अन्य आवश्यकिय कुराको व्यवस्था गर्ने नितिलाई अवलम्वन गरिने छ ।

३. ढल निकासको उचित व्यवस्थापन गर्न समुदायको सहभागितामा अभियान संचालन गर्ने निति अवलम्वन गरिने छ ।

४. खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धि कानुन निर्माण गरि खाने पानी क्षेत्रलाई व्यवस्थीत वनाइनेछ ।

**२) आर्थिक बिकास सम्बन्धि नीति तथा कार्यक्रम**

**क) कृषि तथा खाद्य सुरक्षा :**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नवालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गर्ने निति अवलम्वन गरिनेछ ।

२. एक घर एक करेसावारी कार्यकमलाई कार्यान्वयन गरिनुका साथै बेमौसमी तथा व्यवसायिक तरकारी खेतिको पर्वद्धन गर्ने निति अवलम्वन गरिनेछ ।

३. रैथाने वालीहरुको विउ संरक्षण, खेती विस्तार र वजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ ।



CamScanner

४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ ।

५. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत र वर्गीकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ ।

६. गाँउपालिका क्षेत्रमा सम्भावना भएका विभिन्न स्थानहरुमा ओखर, स्याउ, सुन्तला, कागति, जुनार खेतिको रुपमा विस्तार गरिनेछ ।

७. लेकबस्ती र औल बस्तीमा मौसम अनुसारका फलफुल बगैचा स्थापना गरि कृषकहरुलाई विभिन्न तालिम तथा बिउबिजन लगायत अन्य सामाग्रीकहरुको व्यवस्थापनका लागि पहल गरिनेछ ।

८. रासायनिक मल, कृषि यन्त्र, कृषिजन्य समाग्रिहरु र तरकारी तथा खाद्यान्न बालीका उन्नत बीउबिजन कृषकहरुलाई अनुदानमा वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

९. कृषि योग्य भुमिको पूर्ण उपयोग सुनिश्चित गर्न गाँउपालिका भित्र रहेका कुनै पनि कृषि योग्य जमिन बाँझो नराखी उक्त जमिनमा खेती गर्न चाहने जो कोही कृषकहरुलाई असल कृषि अभ्यास तथा जलवायु स्मार्ट कृषि कार्यक्रम संचालन गरी अनुदान दिने व्यवस्था मिलाईनेछ ।

१०. गाँउपालिका आसपासका खेती योग्य उर्वर जमिनमा प्रर्याप्तता सिँचाई सुविधा सुनिश्चित गर्न प्रदेश सरकार र अन्य गैर सरकारी संघ संस्थाहरु संगको सहकार्य तथा लागत साझेदारीमा सिंचाई आयोजना कार्यक्रम संचालन कृषि उत्पादनमा वृद्धि गरिनेछ ।

११. कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई प्रोत्साहन गरिने छ साथै खेतीयोग्य जमिनको माटो परिक्षण गरि वातावरण सुहाँउदो खेतीवाली गर्न लाई प्रोत्साहान गर्ने निति अवलम्वन गरिने छ ।

१२. नमुना कृषि फर्म स्थापना कार्यक्रम संचालन गरिनेछ र उत्कृष्ट कृषि व्यवसाय गर्ने कृषकलाई पुरुस्कृत गरिनेछ ।

१३.कृषि उपजहरुलाई सहज रुपमा बजार सम्म पुर्‍याउनका लागि कृषी उत्पादन क्षेत्रहरु सम्म जोड्ने सडक तथा अन्य पुर्वाधारहरुको विस्तार गरिने छ ।

१४.स्थानिय स्रोत व्यक्ती तथा गाँउपालिका प्राविधिकहरु कृषकको खेती वारीमा नै पुगी सेवा प्रवाह गर्ने निति अवलम्बन गरिने छ ।

१५. स्थानिय उत्पादन वृद्धि तथा उपयोग र पालिकामा रहेका रैथाने वालीहरुको संरक्षण, प्रवर्द्धन तथा वजारीकरणका लागि आवश्यक कार्यक्रम निर्माण गरी कार्यान्वियन गरिने छ ।

**ख) पशु बिकास :**

१.वैदेशिक रोजगारीलाई कम गर्न कृषि, पशुपालन र उद्योग व्यावसायहरुको स्थापना गरि व्यावसायिकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. स्थानीय व्यक्तिहरुलाइ प्राविधिक सिप दिई प्राविधिकहरु (JTA) कृषकको गोठ तथा फर्ममा पुगी पशुपंछी सम्वन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।

३. स्थानीय कुखुरा, कालीज पालनलाई व्यवसायिक गर्नका लागि कृषकलाई फर्म विकासका लागि प्रोत्साहन गरिनेछ ।

४. दुध, मासु, अण्डामा आत्म निर्भर हुन पशुपंछी व्यवशायलाई प्रवर्द्धन गरिने नीति लिईने छ ।

५. कृषि समुह/समिति तथा कृषि सहकारी मार्फत कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ ।

६. पशुपंक्षीमा हुने विभिन्न किसिमको जोखिम न्यूनिकरण गर्न पशुपंक्षी बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रम संचालन गरिने छ । पशुपंक्षी विकास शाखा बाट संचालन हुने अनुदानका कार्यक्रममा बिमा अनिवार्य गरिने नीति लिईने छ ।

७. व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

८. पशुपन्छीहरुको उपचारका लागी प्रयोगशाला सहितको उपचार कक्ष स्थापना गरिनेछ ।

९. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यकम संचालन गरिनेछ । पशु आहारका लागि घाँस खेती कार्यकम संचालन गरिनेछ ।

१०. गाँउ क्षेत्र भित्र पशुपंक्षि फर्म, मासुपालन, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गर्ने निति अवलम्बन गरिनेछ ।

११.स्वच्छ, स्वस्थ मासु उपभोक्तासम्म पुऱ्याउनका लागि उपयुक्त स्थानमा आधुनीक पशु बधशाला निर्माणका लागि स्थानीय सरकारले पहल गर्नेछ ।

१२. यस गाउँपालिकामा पालिएका वर्णसंकर जातका गाई र भैसिमा कृतिम गर्भाधान गराई उन्नत जातका बाछ्राबाछी पाडापाडी उत्पादन गर्ने कार्य यसै आ.व. बाट सुरुवात गरिनेछ ।

१३. घरपालुवा जनावरहरु (गाई, भैसी, भेडा, बाखा, कुखुरा आदी) को दिशा, छाला, दुध, रगत र पिसाव परिक्षण गरी हानिकारक रोगको उपचार गर्न प्राईमेरी ल्याव संचालनका लागि आवश्यक कार्यको थालनी गरिनेछ ।

**ग) सहकारी तथा वित्तीय सेवा**

१. गाँउपालिका स्थित सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्वन्धी कार्यक्रम संचालन गरिने छ ।

२. गाँउपालकि क्षेत्र भित्रका सहकारी संस्थाहरुको लगत अद्यावधिक गर्ने, क्षमता बिकास गर्ने, साझेदारीमा गरिबी न्युनिकरणका कार्यक्रम सञ्चालन गर्ने, प्रतिबेदन प्रणाली व्यबस्थित गर्ने लगायत संस्थाहरुको अनुगमन सुपरीबेक्षण गर्ने कार्य गरिने छ ।

३. प्रत्येक घरमा कम्तीमा "एक घर एक रोजगार" सिर्जना गर्न गाउँगाउँमा सहकारी घरघरमा रोजगारी सरकारको नारालाई कार्यान्वियन गर्न कार्यक्रम लागु गरिने छ

४.सहकारी संचालनको लागि आवश्यक कानुनहरुको निर्माण कार्य गर्दै, संस्थाहरुको नियमन र व्यवस्थापन गर्नका साथै वैंक तथा सहकारीहरु संगको सहकार्यमा साना किसान सहकारी संघ सँग व्यवसायिक किसानहको वित्तिय सेवा प्रवाहमा पँहुच बढाउन प्रयास गरिनेछ

५.संवैधानिक व्यवस्था अनुसार सरकारी, सहकारी र निजी गरी तिन खम्वे अर्थ नीति कार्यान्वयन गर्दै समृद्ध शुभकालिका गाँउपालिका निर्माणका लागि लगानी मैत्री गाँउपालिका बनाउन पहल गरिनेछ ।

६. नागरिकलाई वित्तीय पहुँचमा ल्याउनका लागि हरेक व्यक्तिको बैङ्क खाता खोल्ने निति अवलम्बन गरिने छ र वित्तिय कारोवारहरुलाई बैङ्किग प्रणाली मार्फत गर्न प्रोत्साहन गरिनेछ ।

७. सहकारी संस्थाहरुको सुदृढिकरण तथा क्षमता विकासका लागि क्षमता विकास तालिम संचालन गरी सहकारी संस्थाहरुलाई सुदृढ बनाउदै लगिनेछ ।



CamScanner

घ) उद्योग तथा वाणिज्य

१. गाँउपालिका भित्र व्यवशायिक रुपमा सञ्चालनमा रहेका होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. साना तथा घरेलु उद्योगहरु दर्ता संचालन तथा नविकरण गर्ने नीति लिईनेछ ।

ङ) पर्यटन तथा संस्कृती

१. शुभकालिका गाँउपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

२. शुभकालिका गाँउपालिकामा रहके । धार्मिक तथा पर्यटकिय क्षेत्रको प्रचार प्रशार गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका ऐतिहासिक क्षेत्रहरु जस्तै कालामुला बाईस धारा क्षेत्र, महादेव मन्दीर मुग्राहा, कालिकोट जिल्लाको नामाकरण गरेको क्षेत्र कालिका मुग्राहा कोट, दाहालदेव मन्दीर, आदिलाई पर्यटककीय गन्तब्य स्थलको रुपमा विकास गरिनेछ ।

च) श्रम तथा रोजगारी र गरिवि निवारण

१. वेरोजगार युवाहरुलाई सवारी चालक तालिम विद्युत वायरिंग तथा मर्मत तालिम, होटल मेनेजमेन्ट तालिम परम्परागत सिपहरुलाई नयां प्रविधिहरु संग जोड्ने विभिन्न कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

२. रोजगार सेवा केन्द्रलाई थप विकसित गर्दै यस गाँउपालिकामा रहके । श्रमिकहरुको सीप उपयोग हुने गरी उनीहरुको ब्यक्तिगत बिवरण रहेको श्रम सूचना बैंक स्थापना गरी रोजगारदाता र रोजगारीको खोजीमा रहेका बीच सम्पर्क स्थापित गरी यस गाँउ क्षेत्रमा हुने विकास निर्माणका कार्यहरुमा सम्भव भए सम्म गाँउपालिका क्षेत्रकै श्रमिकहरु प्रयोग गर्नका लागि निजी क्षेत्र संग आवस्यक समन्वय र सहकार्य गरिनेछ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार कार्यक्रमबाट युवा तथा वेरोजगारहरुलाई विकास निर्माणका काममा लगाई न्युनतम रोजगारीको ग्यारेन्टी गरिनेछ ।

४. सार्वजनिक निर्माण कार्य बाट सृजना हुने रोजगारीमा बरोजगार, अति बिपन्न र एकल महिलाहरुलाई रोजगारीमा आबद्ध गराइने छ ।

५. वैदेशिक रोजगारवाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ ।

६. गाउँपालिकामा रहेका उद्यमी तथा सम्भावित उद्यमीहरुको तथ्यांक संकलन गरी उनिहरुको सिप, आवश्यकता र सम्भावनाका आधारमा उद्यम स्थापना तथा स्तरोन्नतीमा जोड दिईनेछ ।

७. पालिकाभित्र संचालनमा रहेका सवै उद्योगी व्यापारीहरुको व्यक्तिगत र सामुहिक फर्महरुलाई विधिवत रुपमा दर्ता तथा नविकरणका लागि अभियान संचालन गरिनेछ ।

८. गाउँपालिकाको वडा नं. ४ को राराकाटियामा निर्माणाधिन अवस्थामा रहेको औद्योगिक ग्रामको निर्माण कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

९. उद्यमी सृजना, स्तरोन्ती तथा उद्यमहरुको निरन्तरताका लागि आवश्यक तालिम, प्रविधी सहयोग र सचेतना अभिवृद्धीका लागी गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तर रुपमा कार्यान्वयन तथा प्रभावकारी रुपमा लागु गरिनेछ ।



CamScanner

छ) सिचाई

१. खेती योग्य जमिनमा बाह्रै महिना सिचाइ हुने प्रबन्ध मिलाइने छ र यस क्षेत्रको उत्पादकत्व तथा उत्पादन वृद्धिका लागि उचित कार्यक्रमको व्यवस्था गरिने छ।

२. शुभकालिका गाँउपालिकामा विद्यमान रहेका सिचाइ कुलो, पोखरी, तथा अन्य सिचाइका प्रविधिहरुको लगत राखी उक्त संरचनाहरुको मर्मत संभार योजना निर्माण गरिने छ।

३) पुर्वाधार बिकास सम्बन्धि नीति तथा कार्यक्रम

क) बस्ती विकास, आवास तथा भवन

१. सुरक्षीत बस्ती निर्माणका लागि एकिकृत वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. खर छाना मुक्त गाँउपालिका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३. भवन निर्माण आचारसंहिता निर्माण गरि कार्यान्वयनमा लगिनेछ।

४. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्धारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

५. जनता आवाश कार्यक्रमलाई निरन्तरता तथा प्रभावकारीताका लागि आवश्यक निती अवलम्वन गरिनेछ

ख) सडक तथा यातायात

१.पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ र सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजटे विनियोजन गर्ने नीति लिइनेछ।

२.दिर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतकोअभाव हनु दिइनेछैन।

४. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजटे विनियोजन गरिनेछ।

५.गाउँपालिका भित्र भुउपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

६. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताकोआधारमा कायम गरी लागु गरिनेछ।

७. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ र उक्त कार्यलाई व्यवस्थापन गर्नका लागि मर्मत संभार कोषको स्थापना गरिनेछ।

८.गाउँपालिकामा निर्माण गरिएका पुर्वाधारका संरचना (पुजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्वन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ।

९.पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ।



CamScanner

१०.छाती छेलाहान्ना भेर्ता हुदै गाँउपालीकाको केन्द्र जोड्ने सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न गरिनेछ साथै छाती देखी घट्टेगाट सम्मको ट्र्याक खोलिएको ठाउमा निरन्तर सडक संचालनका लागि सडकको स्तरोन्नतीमा जोड दिईने छ।

११. हरित पुर्नलाभ तथा समावेशि विकास पद्धति (GRID Approach) को पुर्ण अवलम्बन गरि पुर्वाधार विकासका आयोजनाहरु जलवायु उत्थानशिल, श्रम केन्द्रित, नतिजामुखी र दीगो रुपमा विकास गर्ने निति अवलम्वन गरिनेछ।

१२.जनताको आवश्यकतालाई मध्य नजर गर्दै स्थानिय पुर्वाधार निर्माण कार्यलाई तिव्रता दिनका लागि सहलगानिको निति अवलम्वन गरिनेछ र सहलगानिलाई व्यवस्थीत गर्नका लागि आवश्यक कानुन तर्जुमा गरिनेछ।

१३ं पालिकामा निर्माण गरिने सडक योजनाको दिगो संचालनका लागि मर्मत संचार तथा समुदाय स्तरमा समुदायको आवश्यकता र दिगोपनामा जोड दिईने छ साथै सडक मापदण्ड (सडकको पहुँच क्षेत्र निर्धारण) तयार गरि लागु गरिनेछ।

**ग) जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा**

१. राष्ट्रिय प्रशारण लाइन विस्तार नभएका वडा, वस्ती तथा टोलहरुमा विद्युतीकरणको लागि आवश्यक पहल गरिनेछ साथै गाँउपालिका सबै वडाहरुमा राष्ट्रिय प्रशारण लाइनको विस्तार गर्न पहल गरिनेछ।

२. पालिकामा संचालनमा रहेका लघुजलविद्यतु आयोजनालाई नियमित तथा सुचारु गर्न आवश्यक पहल गरिनेछ।

**घ) सुचना, सञ्चार तथा प्रविधि**

१. यस गाँउपालिका भित्र रहेका हरेक वस्तीहरुमा टेलिपफोन सेवालाई सहज रुपमा पुऱ्याउन आवश्यक पहल गरिनेछ साथै 4G सेवालाई सवै वडाहरुमा प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ।

२. गाँउपालिकाको स्वामित्वमा रहेको रेडियो शुभकालिकालाई प्रभावकारी रुपमा व्यवस्थापन गरि अगाडि बढाइनेछ।

३. विद्यालयहरुमा online कक्षा संचालन गर्न आवश्यक प्रवन्ध गरिनेछ।

**४) वन वातावरण तथा विपत व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रम**

**क) वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण**

१. गाँउपालिका भित्र रहेका वन क्षेत्रको संरक्षणका लागि सामुदायिक तथा कवुलीयत वन उपभोक्ता समितिलाई सक्रिय रुपमा परिचालित हुन अभिप्रेरित गरिनेछ।

२. स्थानिय पुर्वाधार निर्माण गर्दा जलवायु उत्थानशिल पुर्वाधार वनाउन निर्माण गरिनेछ।

३. विश्ववाट दुर्लभ हुदै गएको रेडपाण्डा संरक्षणको लागि आशश्यक प्रबन्ध मिलाईनेछ।

४. सामुदायिक तथा व्यक्तीगत जग्गामा वृक्षारोपण गर्ने कार्यलाई प्रवर्द्धन गरिनेछ साथै विश्ववाट नै दुर्लभ हुँदै गएको रेडपाण्डा संरक्षणका लागि प्रयास गरिनेछ।

**ख) वातावरण तथा फोहोरमैला व्यवस्थापन**

१. कुहिने र नकुहिने फोहोर मैलाको वर्गिकरण गरि व्यवस्थापन गर्ने रणनिति अवलम्बन गरिनेछ साथै कुहिने फोहोरमैला बाट जैविक मल तथा विषादी बनाउन कृषकहरुलाई प्रोत्साहान गरिनेछ

२. खंडेरीको समयमा हुने आगलागि नियन्त्रणका लागि जनचेतना मुलक कार्यक्रम गरिनेछ।



CamScanner

ग) विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता

१. गाउँपालिका स्तरिय विपद व्यवस्थापन समिती र वडा स्तरिय विपद व्यवस्थापन समितीलाई थप प्रभावकारी वनाई वन वातावरण तथा विपद व्यवस्थापन शाखा सँग समन्वय गरि विपद व्यवस्थापन पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिने छ ।

२. पालिका भित्रका घर तथा टोल सफा राख्न घर तथा वजार वाट निस्कने फोहोरमैलाको उचित तरिकाले व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापन रणनिति तयार गरी कार्यान्वयन गर्ने व्यवस्थाको सुरुवात गरिनेछ ।

३. निजि आवाश पुननिर्माणका लागि आ.व. ०७८/०७९ देखि हाल सम्मका अविरल वर्षा र अन्य विपदका कारणले भत्किएका र आगलागी पिडित नागरिकका निजि आवास निर्माणको लागी आवश्यक व्यवस्था गरिनेछ ।

४. आ.व. ०७७/०७८ सालमा पुर्ण रुपमा क्षती भएका २१ घरहरु र आंशिक क्षती भएका ४ वटा घरधुरीलाई दोश्रो र तेश्रो किस्ता राहत रकम उपलव्ध गराउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

५. गाउँपालिकालाई हरियाली वनाई राख्न पहिरो नियन्त्रण तथा वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६. नदी कटान तथा खोलाहरुको कटान रोक्न तथा भुक्षय, प्राकृतिक प्रकोप र पहिरो जान सक्ने जोखिम क्षेत्रको पहिचान गरी संरक्षणको लागि आवश्यक तटवन्धनको व्यवस्था मिलाईनेछ ।

७. गाउँपालिका भित्र प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्न दैनिक प्रयोग हुने प्लाष्टिक झोलाहरुको प्रतिस्थापन गरी आयोजनाको दिगोपना कायम गर्ने निती अवलम्वन गरिने छ ।

८. वडा स्तरमा विपद प्रभावीत नागरिकहरुको तत्काल उद्धार, राहात तथा पुनर्स्थापनाका लागि प्रत्यक वडामा आपतकालीन विपद व्यवस्थापन कोषको स्थापनाको व्यवस्था मिलाईने छ ।

९. आगलागी नियन्त्रणका सचेतना तथा महिलाहरुको स्वास्थ्यलाई प्रतिकुल असर पार्ने परम्परागत चुल्हो प्रतिस्थापन गरी सुधारिएको चुल्होको प्रयोगलाई वढवा दिईनेछ ।

१०. शुभकालिका गाउँपालिकाको ५ वर्षे आवधिक योजना निर्माण गरिनेछ ।

११. गाउँपालिकाको स्थानिय विपद जोखिम उत्थानशिल योजना निर्माण गरिनेछ ।

१२. स्थानिय विपद व्यवस्थापन सम्वन्धमा क्षमता विकासका साथै आवश्यक पुर्वतयारीका राहात सामाग्रीहरु व्यवस्थापन गरिनेछ ।

५) सुशासन तथा संस्थागत बिकास सम्बन्धी नीति तथा कार्यक्रम

क) नीति, कानुन, न्याय तथा सुशासन

१. गाँउपालिका सरकार संचालनका लागि आवश्यक पर्ने कानुन निर्माण गरि कार्यान्वयनमा लगिनेछ

२. गाँउपालिकामा E- governance प्रणालीको विकास गर्न आवश्यक पुर्वाधार निमार्ण एंव सो को प्रभावकारी कार्यान्वय गर्ने नीति लिइने छ ।

३. गाँउपालिकाको गुनासो पेटिका तथा टोल फ्री मार्फत प्राप्त हनु आएका सुझाव तथा गुनासोहरुलाई समयमै फर्छयोट गरिने छ ।

४. जनगुनासो व्यवस्थापन तथा सुझाव संकलन गर्ने उद्देश्यका साथ संचालीत टोल फ्री नम्बरको व्यवस्थापन गर्नका लागि कार्यविधि निर्माण गरि कार्यन्वयनमा लगिनेछ ।

५. गाँउपालिकाको वेव साईडमा गाँउपालिकाका गतिविधी तथा सूचनाहरु नियमितरुपमा सार्वजनिक गरी नागरिकको सूचनामा पहुँच पु¥याईनेछ । गाँउपालिकावाट प्रदान गदै आएका सेवा सुविधाहरुमा यान्त्रिकिकरण गरी कम्प्युटरको माध्यमवाट प्रदान गरिनेछ ।

६. भौतिक पूर्वाधार योजनाको पारदर्शिता गुणस्तरियता प्रभावकारिता सरलताका साथ कार्यान्वयन गर्न तथा समयमै आवश्यक सुधार गर्न योजनाहरुको आर्थिक तथा भौतिक विवरणहरु प्रष्ट देखिने र समयमा आवश्यक सुझाव सल्लाह दिन मिल्ने गरि योजना अनुगमन कार्यलाई प्रभावकारी बनाईने छ ।

७. सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशासनको अनुभूती दिलाउन गाँउपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको हरेका चौमासीकमा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई निरन्तरता दिइने छ साथ साथै आयोजना स्थलमा सूचना पाटीलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

८. भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ ।

९. गाँउपालिका क्षेत्रभित्र कालो बजारी, कृत्रिम अभाव, एकाधिकार नियन्त्रण गर्न बजार अनुगमनको कार्यलाइ तिव्रताका साथ निरन्तरता दिइने छ ।

१०. महालेखा परिक्षकको कार्यालयले औल्याएका वेरुजुहरु समयमै फर्छ्यौट गर्न तदारुकताका साथ कार्य गरिने छ । गाँउपालिकालाई वेरुजु शुन्य तथा वित्तिय अनुशासित गाँउपालिका बनाउने नीति अवलम्वन गरिने छ ।

११. यस शुभकालिका गाउँपालिकाको भौतिक पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्वन्धी कार्यविधी २०८१ पारित गरी कार्यान्वयन गरिने छ ।

१२. गाउँपालिका तथा विभिन्न निकायवाट भए गरेका कामहरुको नियमित प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई मार्फत आम जनतालाई शुसुचित तथा शुसासनको प्रत्याभुती प्रदान गरिने छ

**ख) संगठन, मानव संशाधन र क्षमता विकास**

१. निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुका लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठीलाई प्राथमिकता दिई कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन विधि प्रभावकारी र वैज्ञानिक वनाई प्रोत्साहन तथा दण्डात्मक पद्धतिका आधारमा कर्मचारीलाई सेवामुखी तथा जवाफदेही वनाईनेछ ।

२. गाँउपालिका सवै वडाहरुमा इन्टरनेटको सुविधालाई व्यवस्थित गरिने नीति लिईने छ ।

३. गाउँपालिका मार्फत संचालित योजना अनुगमन तथा सुपरिवेक्षण सहजताका लागि १ जना करारमा सिनियर सव ईन्जिनियरको दरवन्दी सृजना गरिने छ ।

४. साविकमा काम गरिरहेका करार कर्मचारीहरुको म्याद थप गरिने छ साथै कानुनी परामर्श प्रयोजनको लागि थप १ जना कानुनी सल्लाहकार परामर्शदाता सँग सम्झौता गरिने छ ।

**ग) राजस्व तथा राजस्व परिचालन**

१. गाँउपालिकाको एकिकृत राजश्व सुधार कार्ययोजना निर्माण गरि कार्यान्वयनमा लागिनेछ ।

२. गाँउपालिका भित्रका सवै कर दाताहरुको तथ्यांक संकलन गरि अभिलेख अध्यावधीक गरिने छ । राजस्व परिचालन गर्न विभिन्न निकासंग समन्वय गरिने छ ।

३. कर तिर्ने बानी विकासका लागि करदाता शिक्षा अभियानको रुपमा संचालन गरिनेछ ।

४. राजश्व प्रणालीलाई गाँउपालिका तथा वडा कार्यालयहरुमा अनिवार्य अनलाईन पद्धतिबाट भुत्तानी गर्न कार्यलाई पुर्ण रुपमा लागु गरी राजश्व चुहावटलाई पुर्ण नियन्त्रण गरिनेछ ।

घ) तथ्याङ्क, योजना तथा विकास परिचालन

१. गाँउपालिकाको सस्थागत स्वमूल्याकंन (LISA) को नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।

२. गाँउपालिकाले चौमासिक रुपमा नागरिक समाजका सस्थाहरुसंग अन्तरक्रिया गरि सुझावहरु लिनेछ साथै यस गाँउपालिकामा काम गर्ने विकास साझेदारहरु संग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गर्दै सिकाई आदान प्रदान गर्ने कार्यलाई प्राथमिकताका साथ लागू गरिनेछ ।

३.गाँउपालिकाका विभिन्न क्रियाकलाप र गतिविधी समेटिएका खबरहरू, प्रकाशित समाचार, सुझावहरु संकलन गरि पालिका बुलेटिन प्रकासन गरिनेछ साथै गाँउपालिका सम्वन्धी सूचना तथा जानकारीहरु प्रकाशित गर्न संचार माध्यमहरुलाई सूचना प्रवाह गरिनेछ ।

४.गाँउपालिकाको वित्तिय जोखिम विप्लेशण (FRA) को नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई निरन्तरता र त्यसको कार्यान्वयमा जोड दिईनेछ ।

ङ) न्याय सम्पादन

१. स्थानिय स्तरमा मेलमिलाप तथा गाउँपालिकामा हुने सवै खालका आन्तरिक कलहलाई न्युनिकरण गर्न मेलमिलापकर्ता तथा न्यायिक समितीमा कार्यरत कर्मचारीको क्षमता विकास गरी प्रभावकारी न्याय सम्पादनमा जोड दिईनेछ ।

**गरिमामय गाँउ सभाका अध्यक्ष ज्यु तथा सदस्यज्युहरु,**

शुभकालिका गाँउपालिकाको यसउ गरिमामय एघारौं गाउँसभामा म आर्थिक वर्ष २०८१/०८२ को आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**अनुमानित आय व्यय र श्रोत व्यवस्थापन**

| क्रसं. | श्रोत | आय रु | कैफियत |
|---|---|---|---|
| १ | सामानिकरण अनुदान संघिय सरकार | ९२७००००० | |
| २ | सशर्त अनुदान संघिय सरकार | १६३८८९०००. | |
| ३ | राजश्व वाँडफाँड संघिय सरकार | ७२५९१००० | |
| ४ | विषेश अनुदान संघिय सरकार | ००. | |
| ५ | समपुरक अनुदान संघिय सरकार | १५००००००. | |
| ६ | सामानिकरण अनुदान प्रदेश सरकार | १०५१३०००. | |
| ७ | सशर्त अनुदान प्रदेश सरकार | २२४५५००० | |
| ८ | राजश्व वाँडफाँड प्रदेश सरकार | २५००००. | |
| ९ | विषेश अनुदान प्रदेश सरकार | ३००००००. | |
| १० | समपुरक अनुदान प्रदेश सरकार | ६०००००० | |
| ११ | आन्तरिक श्रोत | २५०००००. | |
| १२ | अल्या वजेट | १९५९६०००. | |
| | जम्मा | ४०८४९४००० | |

कुल वजेट रकम रु. ४०,८४,९४,०००। (चालिस करोड चौरासी लाख चौरानव्बे हजार मात्र ) मध्ये चालु तर्फ रकम रु.२४,१०,११,४६०। (चौविस करोड दश लाख एघार हजार चार सय साठी ५९ प्रतिशत र पुजिगत तर्फ रकम रु १६,७४,८२,५४०। (सोह्र करोड चौरहत्तर लाख वयासी हजार पाँच सय चालिस मात्र) ४१ प्रतिशत रहेको छ ।

**गैर सरकारी क्षेत्र**

| क्रसं. | श्रोत/निकाय | आय रु | कैफियत |
|---|---|---|---|
| १ | हुरेन्डेक (एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम | १५२०००००. | |
| २ | रेडपाण्डा संरक्षण कार्यक्रम (हुरेन्डेक) | १५०००००. | |
| ३ | वाल विवाह विरुद्ध साझा अभियान | १०००००. | |
| ४ | सोसेक नेपाल | ५८६११४५. | |
| ५ | समाज कल्याण परिषद नेपाल | २६०७८७५. | |
| ६ | भिडिसेफ नेपाल कालिकोट | १६०४१९०६. | |
| ७ | हिमालयन सामुदायिक श्रोत विकास केन्द्र । | १९५६३३०. | |
| ८ | महिला शसक्तिकरण मञ्च नेपाल | ७१९०००. | |
| ९ | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल | ३१०६६२२. | |
| १० | आवाज नेपाल | १२१९६५०. | |
| ११ | युएसएआईडी कर्णाली जल परियोजना | ८८४०२७३. | |
| १२ | स्थानिय पुर्वाधार सहयोग कार्यक्रम | ४००००००. | |
| | जम्मा | ९७१५२८०१ | |

**आय तर्फ :** आगामी आ.व. २०८१/०८२ मा कुल आमदानी रु.४०,८४,९४,०००। (अक्षरुपी चालिस करोड चौरासी लाख चौरानव्वे हजार मात्र) प्रस्तावित गरिएको छ ।

**व्यय तर्फ :** गाँउपालिका तथा वडा तर्फको प्रशासनिक, गाँउपाललिका, वडा र विषयगत शाखा तर्फको कार्यक्रम खर्च समेत गरी रु. ४०,८४,९४,०००। (अक्षरुपी चालिस करोड चौरासी लाख चौरानव्वे हजार ) विनियोजन गरिएको छ ।

**आदरणिय गाँउसभाका अध्यक्ष ज्यु तथा सदस्य ज्यु हरु,**

अव म आ.व. ०८१/०८२ प्रस्तावित चालु खर्च र पुजिगत खर्च प्रस्तुत गर्दछु ।

**क. चालु खर्च**

| क्र.सं. | खर्च शिर्षक | रकम | वजेट श्रोत |
|---|---|---|---|
| १ | पदाधिकारी पारिश्रमिक | ९000000 | |
| २ | पदाधिकारी वैठक भत्ता | ८00000 | |
| ३ | सभा संचालन | १000000 | |
| ४ | पदाधिकारी भ्रमण खर्च | ५00000 | |
| ५ | वाह्य विशिष्ट व्यक्ति पदाधिकारी तथा कर्मचारी | ३00000 | |
| ६ | पदाधिकारी तथा कर्मचारी अनुगमन मुल्यांकन | ५00000 | |
| ७ | पारिश्रमिक कर्मचारी | २२000000 | |
| ८ | ईन्धन पदाधिकारी | १000000 | |
| ९ | महंगी भत्ता | १000000 | |
| १० | पानी तथा विजुली | २00000 | |
| ११ | कर्मचारी भ्रमण खर्च | १५00000 | |
| १२ | ईन्धन कार्यालय प्रयोजन | ६00000 | |
| १३ | सवारी साधन मर्मत | १२00000 | |
| १४ | विमा तथा नविकरण | ४00000 | |
| १५ | मेशिनरी तथा औजार मर्मत संभार | ५00000 | |
| १६ | मसलन्द तथा कार्यालय सामाग्री | ३५00000 | |
| १७ | पुस्तक तथा सामाग्री खरिद | २00000 | |
| १८ | ईन्धन अन्य प्रयोजन | २00000 | |
| १९ | सुचना प्रकाशन | ५00000 | |
| २० | सुचना प्रणाली तथा सफ्टवेयर संचालन | ५00000 | |
| २१ | करार सेवा शुल्क पालिका | १६000000 | |
| २२ | जनप्रतिनिधी तथा कर्मचारी तालिम खर्च | ७00000 | |
| २३ | घरभाडा | २000000 | |
| २४ | अन्य भाडा | ५00000 | |
| २५ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ३00000 | |
| २६ | विविध | ४५00000 | |
| २७ | सार्वजनिक सुनुवाई | ४00000 | |
| २८ | शिक्षा करार | १६000000 | |
| २९ | संचार तथा ईमेल ईन्टरनेट | ५00000 | |
| ३० | सहकारी तालिम खर्च | ३00000 | |



CamScanner

| क.सं. | खर्च शिर्षक | रकम | वजेट श्रोत |
|---|---|---|---|
| ३१ | प्रधानमन्त्री रोजगार कार्यक्रम तालिम, वैठक तथा अभिमुखिकरण तालिमहरु संचालन (साझेदारी) | ५००००० | |
| ३२ | पतञ्जली योग कार्यक्रम | १००००० | |
| ३३ | नेपाल रेडक्रस सोसाईटी | १००००० | |
| | जम्मा | ८७३००००० | |

क. पुजिगत खर्च

| क.सं. | खर्च शिर्षक | रकम | वजेट श्रोत |
|---|---|---|---|
| १ | समपुरक प्रदेश | ६०००००० | |
| २ | समपुरक संघ | १५०००००० | |
| ३ | भुक्तानी दायित्व वाँकी | १२०००००० | |
| ४ | स्थानिय पुर्वाधार सहयोग कार्यक्रम समपुरक | २०००००००० | |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | ५०००००० | |
| ६ | साझेदारी अन्य | ५०००००० | |
| ७ | डिपिआर | १५००००० | |
| ८ | सवै वडामा भाग गर्ने | १२३००००० | |
| ९ | स्वास्थ्य शाखा | ३०००००० | |
| १० | शिक्षा शाखा | १०००००० | |
| ११ | कृषि शाखा | ५००००० | |
| १२ | पशु शाखा | १०००००० | |
| १३ | महिला तथा वालवालिका शाखा | ५००००० | |
| १४ | आयुर्वेदिक | ५००००० | |
| १५ | जनता सँग अध्यक्ष कार्यक्रम | २०००००० | |
| १६ | जनता सँग उपाध्यक्ष कार्यक्रम | १५००००० | |
| १७ | महिला संजाल | ५००००० | |
| १८ | न्यायिक समिति | १०००००० | |
| १९ | खेलकुद | ५००००० | |
| २० | राष्ट्रपती रनिंग शिल्ड प्रतियोगिता संचालन | १०००००० | |
| २१ | पञ्जिकरण शाखा | ५००००० | |
| २२ | पुर्वाधार विकास शाखा | ३००००० | |
| २३ | दलित लक्षित कार्यक्रम | १०००००० | |
| २४ | जनजाती उत्थान कार्यक्रम | ३००००० | |
| २५ | महिला स्वास्थ्य स्वयं सेविका | ५००००० | |
| २६ | विपद व्यवस्थापन कोष | २०००००० | |
| २७ | अल्पसंख्यक | १००००० | |

| क.सं. | खर्च शिर्षक | रकम | वजेट श्रोत |
|---|---|---|---|
| २८ | प्राविधिक शिक्षालय अनुदान (राराकाटिया ) | ५००००० | |
| २९ | मेड्पा साझेदारी कार्यक्रम | ५००००० | |
| ३० | अपांगता उत्थान कार्यक्रम | २५०००० | |
| ३१ | रेडियो शुभकालिका संचालन | २५०००० | |
| ३२ | रेडियो शुभकालिका मर्मत | २५०००० | |
| ३३ | एचआईभी संक्रमण व्यक्ति आयआर्जन कार्यक्रम | १००००० | |
| ३४ | वर्थिंग सेन्टर मर्मत तथा संचालन वडा नं. १ | ३००००० | |
| ३५ | वडा कार्यालयको शौचालय मर्मत वडा नं. ५ | २००००० | |
| ३६ | ढाँका व्यवशाय संचालन, वडा नं ५ र ८ | १०००००० | |
| ३७ | अध्यक्ष ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ५००००० | |
| ३८ | डोजर खरिद | ११५००००० | |
| ३९ | अल्लो उत्पादन तथा प्रशोधन वडा नं. ३ | २००००० | |
| ४० | माटोको भाँडा प्रवर्दन कार्यक्रम | ३००००० | |
| ४१ | मुग्राहाँ धारा मर्मत तथा संरक्षण कार्यक्रम | ५००००० | |
| जम्मा | | ११०८५०००० | |

**आदरणिय सभाका अध्यक्ष ज्यु तथा सम्पुर्ण सदस्यज्युहरु**

गाउँपालिकाको आ.व. २०८१/२०८२ को निती, वजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरि सुझाव संकलन वैठक, अन्तरक्रिया तथा छलफलमा उपस्थित भई हामीलाई उल्लेखनिय रचनात्मक सुझाव, सल्लाह दिई सहयोग गर्नु हुने आदरणीय गाँउपालिका अध्यक्ष ज्यू लगायत गाँउकार्यपालिकाका सदस्य ज्यूहरु, विभिन्न समितिका संयोजक तथा सदस्य ज्यूहरु, राजनितिक दलका प्रतिनिधिज्यू लगायत सम्पुर्ण समाजसेवी, वृद्धीजिवी, कार्यलयका कर्मचारी, संघ सस्थाका प्रतिनिधी तथा कर्मचारी महानुभावहरु लाई विशेष धन्यवाद दिन चाहन्छु । यस गाँउसभालाई सम्पन्न गर्न अहोरात्र खटिई सहयोग गर्नु हुने गाँउपालिकाका कर्मचारी एवम विभिन्न संघ संस्थाका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधी ज्यू एवं संघ संस्थाका प्रतिनिधी ज्यु र हामीलाई रचनात्मक सुझाव सल्लाह दिनु हुने सम्पुर्ण आदरणिय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । अन्तमा प्रस्तुत वजेट र कार्यक्रमको कार्यान्वयनका लागि यहाँहरुवाट प्राप्त भएका तथा हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर शुभकालिका गाउँपालिका कार्यान्वयनको निमित्त अगाडी वढ्ने विश्वास दिलाउँदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको सहयोग निरन्तर रहने अपेक्षा समेत गरेका छौ ।

**धन्यवाद ॥**



CamScanner